सरकारी सम्पति तथा जिन्सी मालसामान लिलाम बिक्रि सम्बन्धी कार्यविधि,२०७१

अनुसुची १

(दफा ९ को उपदफा (२) संग सम्बन्धित)

नेपाल सरकार

गृह मन्त्रालय

## सशस्त्र प्रहरी बल, नेपाल सशस्त्र प्रहरी जवान तालिम शिक्षालय नौवस्ता, बाँकेमा

## पुराना जिन्सी सामानहरु र सवारी साधनहरुको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सुचना

सुचना नं.०८१/०८२- ०१

प्रथम पटक प्रकाशित मिति २०८१/०७/२१ गते ।

सशस्त्र प्रहरी बल, नेपाल सशस्त्र प्रहरी जवान तालिम शिक्षालय नौवस्ता, बाँकेमा रहेका विभिन्न पुराना जिन्सी सामानहरु र सवारी साधनहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरीएको छ।

१ ईच्छुक बोलपत्रदाताहरुले सशस्त्र प्रहरी बल,नेपाल सशस्त्र प्रहरी जवान तालिम शिक्षालय नौवस्ता बाँकेको फोन नं. ९८५१२७२०६३ मा सम्पर्क गरी आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सकिने छ । यस सम्बन्धी सुचना सशस्त्र प्रहरी बल नेपालको,Web Site:-www.apf.gov.np मा समेत हेर्न सकिने छ ।

२ ईच्छुक बोलपत्रदाताहरुले मिति २०८१/०८/०६ गते सम्म कार्यालय समय भित्र फिर्ता नहुने गरी रु. १०००।- (अक्षरुपी एक हजार रुपयाँ मात्र) राष्ट्रिय बाणिज्य बैंकमा रहेको नेपाल सरकारको राजश्व खाता नं. १००१००२०००१०००० सशस्त्र प्रहरी बल नेपाल सशस्त्र प्रहरी जवान तालिम शिक्षालय नौवस्ता बाँकेको कार्यालय कोर्ड नं. ३१४०५५७०२ तथा राजश्व शिर्षक नं. १४२२९ मा बुझाई सक्कल राजश्व दाखिला भौचर सहित बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा ईच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी बोलपत्र फाराम खरिदको लागी निवेदन पेश गर्नु पर्ने छ।

३ बोलपत्र फाराम पहिलो पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) औं दिन कार्यालय समय भित्र यस कार्यालयमा खरिद गरि सक्नुपर्ने छ।

४ बोलपत्र खरिद दाताले १६ (सोह्र) औं दिनको ११:०० बजे भित्र यस कार्यालयमा बोलपत्र दर्ता गराई सक्नु पर्ने छ।

५ यस शिक्षालयमा प्राप्त बोलपत्रहरु सोही दिनको १२:०० बजे मुल्याइन समिती र बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ, तर बोलपत्र बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।

६ लिलाम बिक्री हुने सम्पति तथा जिन्सी मालसामानहरु हेर्न चाहने बोलपत्रदाताहरुले कार्यालय समय भित्र यस कार्यालयको प्रबन्ध शाखामा सम्पर्क राखु पर्ने छ।

७ बोलपत्रदाताले बोलपत्र साथ जमानत बापत आफुले कबोल गरेको दररेट अनुसार हुन आउने कुल रकमको १० (दश) प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय नेपालगंज बाँकेको धरौटी खाता नं. ४१३०१००१०२०३०००० मा नगदै दाखिला गरी सोको सक्कल बैंक भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै राष्ट्रिय बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्रफाराम साथ पेश गर्नु पर्ने छ।

८ बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने दिन मानिने छ।

९ लिलाम बिक्रि हुने सम्पति तथा जिन्सी माल सामानहरुको न्युनतम जम्मा मुल्य मु.अ.कर बाहेक रु.४११४७५।- (अक्षरुपी चार लाख एघार हजार चार सय पचहत्तर मात्र) रहेको छ।